उपमेयरकप खुल्ला व्याडमिन्टन प्रतियोगिताका विजयी ओम नामः शिवाय टिम

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७२९५०७२
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक




● मकवानपुर, वर्ष-१३, ● अंक-२६ ● २०७७ पौष २७ गते सोमबार, ● 11 Jan. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

रुदानेको ८७ औं जन्मजयन्ती तथा छैठौं थाहा दिवस

# स्थानीय पाठ्यक्रममा 'रुदाने'

विकास संवाददाता
थाहा नगर

मकवानपुर थाहा नगरपालिकाले थाहा आन्दोलनका प्रणेता स्व. रूपचन्द्र विष्ट 'रूदाने'को जीवनी र दर्शनलाई समेटेर स्थानीय पाठ्यक्रम निर्माण गर्ने भएको छ। फरक सोचले रूपचन्द्र विष्टको ८७ औं जन्मजयन्तीको तथा छैठौं थाहा दिवसको अवसरमा आयोजना गरेको समारोहमा बोल्दै नगर प्रमुख लवशेर विष्टले यस्तो बताएका हुन् । थाहा नगरपालिकाले स्थानीय पाठ्क्रम निर्माणको कार्य तिब्र रूपमा गरिरहेका छ । रूपचन्द्र व्यवहारिक नेता भएको बताउँदै नगर प्रमुख विष्टले उनको सिद्धान्त र व्यवहारलाई थाहानगरले अनुशरण गरिरहेको बताउँदै यसकै निरन्तरता पाठ्क्रम निर्माण पनि भएको उल्लेख गरे। कक्षा १ देखि ८ सम्मका लागि थाहा नगरपालिकाले निर्माण थालेको स्थानीय पाठ्यक्रममा रूपचन्द्र विष्टको जीवनी र उनको राजनैतिक दर्शनहरूलाई समेटिने थाहानगर शिक्षा अधिकारी शोभाकर रेग्मीले विकास खबरपत्रिकालाई बताए। आगामि शैक्षिक सत्र २०७८ बाट लागू हुने गरी पाठ्क्रम निर्माणको काम भैरहेको रेग्मीको प्रतिक्रिया छ ।



थाहा आन्दोलनका प्रणेता दिवंगत रुपचन्द्र विष्टको शालिकमा उनको ८७ औं जन्मजयन्तीको अवसरमा माल्यार्पण गरिदै । **फोटोः गणेश विष्ट/विकास**

'देशमै वेरूजु फछ्र्यौटमा थाहा सर्वोत्कृष्ट भयो, यो पनि रूपचन्द्रकै पारदर्शिताको सिद्धान्तमा आधारित छ,' नगर प्रमुख विष्टले भने-'हामी सबै योजनाको सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण गर्छौ, केही गुनासो भए ठाउँको ठाउँमै समाधान गर्छौं, शत्प्रतिशत त हैन, केही न केही रूपचन्द्रले देखाएको बाटोमा थाहानगर हिँडेको छ ।'

रूपचन्द्र विष्टले शुरू गरेको श्रममा आधारित विकास अवधाराणालाई नगरपालिकाले अवलम्बन गरेको प्रमुख विष्टले समारोहमा सुनाए। प्रमुख विष्टले भने-'हरेक योजना संचालन गर्दा १५ प्रतिशत श्रमदानको अनिवार्य व्यवस्था गरेका छौं, यो उनै रूपचन्द्रको व्यवहारिक विकास अवधारणालाई पछ्याएका हौं ।' जनताको सहभागिता र लागत परेको योजना नै दीगो विकासको भरपर्दो अवधारणा भएको विष्टले अनुभव सुनाए। उनले थपे,-'रूपचन्द्र भन्थे, जनता विकासका मूल हुन् ।'

कार्यक्रमका विशेष अतिथी तथा थाहा नगर उपप्रमुख खड्ग गोपालीले अहिलेको राजनीतिक अवस्था भन्दा विलकुल फरकपन रूपचन्द्र विष्टमा रहेको चर्चा गरे । जनतालाई केन्द्रमा राखेर म वाद होइन की हामी भन्ने भावनाले रूपचन्द्रले राजनीति गर्ने गरेको सुनाए। समसामयिक राजनीतिप्रति इङ्कित गर्दै उपप्रमुख गोपालीले भने-'खेमा र गुड भन्दा पनि रूपचन्द्र जनमुखी विकास र इन्साफ चाहाने व्यक्ति हुन् ।' 'रूपचन्द्रको नाम जपेर र उनको शालिकमा माला लगाएर भन्दा पनि उनको सिद्धान्तलाई व्यवहारमा उतार्न सके रूपचन्द्रप्रतिको आस्था मिल्छ,' गोपालीले भने ।

नेकपा बागमती प्रदेश सचिवालय सदस्य विष्णु विष्ट 'आदर्श'ले रूपचन्द्र सिद्धान्त र व्यवहार एउटै गर्ने व्यक्ति भएकै कारण महान हुन सफल भएको बताए । सिद्धानतलाई व्यवहारिक प्रयोग गर्ने खुबी नै रूपचन्द्रको अमिट छाप भएको उनको भनाइ थियो । 'लाइब्रेरीमा थुप्रै किताब पाइन्छ किताब पढेसी भाषण र गफ जस्ले पनि लाउन सक्छ तर

बाँकी पेज ५ मा

# थाहा गोल्डकपमा ३२ टिमको प्रतिस्पर्धा



◆ विकास संवाददाता

मकवानपुरको थाहानगरमा २६ पुसबाट दोस्रो थाहा गोल्डकप फुटबल प्रतियोगिता शुरू भएको छ । प्रतियोगितामा विभिन्न जिल्लाका गरी ३२ टिमको सहभागिता रहेको छ । प्रतियोगिताको थाहा नगरपालिकाका उपप्रमुख खड्ग गोपालीले एक समारोहकाबीच उद्घाटन गरे । प्रतियोगिताको उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथी समेत रहेका गोपालीले थाहा नगरपालिकाले खेलकुदलाई सँधै माया गरिरहेको सुनाए । उनले थाहा नगरपालिका स्तरमा मात्र नभई मुलुक भित्र र बाहिर सम्म प्रतियोगितामा भाग लिन सक्षम खेलाडी उत्पादन हुनुपर्ने धारणा राखे। नगरपालिका खेलकुदका लागि जहिल्यै सहयोग गर्न तयार रहेको बताउँदै आवश्यक पर्दाका बखत अन्यत्र प्रतियोगितामा सहभागी हुन पनि नगर पालिकाको तर्फबाट सहयोग गर्ने आश्वासन दिए ।

कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर १ का वडा अध्यक्ष हेरमान गोपालीले अनुसाशन खेलबाटै सिक्न सकिने बताए । प्रतियोगिताहरू भन्ने वित्तिकै अभद्र हुने सुन्ने गरेको बताउँदै थाहा गोल्डकपबाट सबैले अनुसाशन सिक्ने प्रतियोगिताको रूपमा विकास गर्न सुझाव दिदै प्रतियोगिताको पूर्ण सफलताको कामना गरे । थाहा नगरपालिकाको मुख्य आर्थिक सहयोगमा २६ पुसबाट थाहानगरको इन्द्रायणी चौरमा प्रतियोगिता हुन लागेको हो । प्रतियोगिताको आयोजक ऋषेश्वर ११ क्लब रहेको छ । प्रतियोगिता नाइन 'ए' साईड हुने आयोजकले जनाएको छ ।

प्रतियोगितामा प्रथम पुरस्कार १ लाख रूपियाँ नगद तथा दोस्रो हुने टिमलाई ५० हजार रूपियाँ पुरस्कार राशी रहेको क्लबका सुमन विष्टले जानकारी दिए। टिम दर्ताको लागि ५ हजार रूपियाँ तोकिएको छ । थाहानगरमा खेलकुदको माध्यमबाट पर्यटनको विकास गर्ने, थाहानगरका उत्कृष्ट फुटबल खेलाडीहरूको पहिचान गर्ने, स्थानीय दर्शकहरूलाइ खेलको माध्यमबाट स्वस्थ मनोरञ्जन प्रदान गर्ने, खेलाडीहरूमा विकास, अनुशासन र गतिशीलताको भावना वृद्धि गर्ने लगायतको उद्देश्यले प्रतियोगिताको आयोजना गरिएको विष्टले जानकारी दिए ।

दोस्रो थाहा गोल्ड कप फुटबल प्रतियोगिता खुल्ला प्रतियोगिता हुने उनले बताए । प्रतियोगितामा नेपाल भित्रका जुनसुकै टिमले भाग लिन सक्नेछन् । थाहानगरका विभिन्न राजनीतिक दल, संघसंस्था, खेलप्रेमी लगायतकाको उल्लेख्य सहभागिता रहेको प्रतियोगिताको उद्घाटन ऋषेश्वर ११ क्लबका अध्यक्ष रामकुमार खत्रीको सभाध्यक्षतामा भएको थियो ।

## व्यक्तिगत घटना दर्ता सम्बन्धी जरुरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

थाहा नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

## नेपाल सरकारको सूचना !

लैङ्गिक हिंसा अन्त्यको प्रतिवद्धता :
व्यक्ति, समाज र सबैको ऐकेवद्धता

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# • सम्पादकीय •

## अब नेकपाको बाटो

मुलुकमा झण्डै दुई तिहाई नजिकको ठूलो बहुमत प्राप्त गरेको सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को आन्तरिक द्वन्द्व दुई अध्यक्ष, सचिवालय, स्थायी समिति, केन्द्रीय समिति हुँदै क्रमशः वडा र टोलसम्म विस्तारित हुने सम्भावना देखिएको छ। एउटै पार्टीका नेता कार्यकर्ताहरु अर्को पक्षका विरुद्ध जाइलाग्ने परिस्थिति बन्नुमा मूलतः नेतृत्वमा बस्ने नेताहरु नै दोषी छन्। पार्टीभित्रको मतभेद वा अन्तर्संघर्षलाई ठीकढंगले व्यवस्थापन गर्न सकेको भए भिन्नै खालको परिस्थिति सिर्जना हुनसक्थ्यो। केन्द्रमा देखिएको द्वन्द्व वडा तहसम्म विस्तारित हुँदा फुट र विभाजनलाई मलजल पुग्ने निश्चित नै छ। यतिबेला नेकपाको अवस्था 'फुटेको हाँडी' जस्तै छ। यसलाई फुट्न नदिएर जोड्ने कसरत पनि नभएको होइन। नेकपाभित्रको विवाद मिलाउन भनेर पटक–पटक बैठक बस्ने र कार्यदल बनाउने काम भए पनि त्यसको प्रभावकारिता देखिएन। पार्टीभित्रको अन्तर्विरोध मूलतः राजनीतिक सैद्धान्तिक हुनुभन्दा सत्ताकेन्द्रित–नेतृत्वकेन्द्रित भएको महसुस धेरैले गरेका छन्। त्यसैले यस्ता कुरामा सर्वसाधारणको चासो कम छ। तर पनि नेकपामा विभाजन आउँदा पार्टीमा मात्र होइन, राष्ट्रिय राजनीतिमै असर पुग्ने भएकोले यो विषयले मिडियामा प्राथमिकता पाउँदै आएको छ।

दुई ठूला कम्युनिष्ट पार्टी नेकपा एमाले र एकीकृत माओवादी मिलेर ठूलो कम्युनिष्ट पार्टी निर्माण भएको र त्यो जनमतबाट समेत अनुमोदित भइसकेको अवस्थामा पार्टी विभाजनको दिशातिर जाँदैछ। पार्टी एकतालाई बचाएर सुदृढ पार्टी निर्माण गर्ने मूल दायित्व नेतृत्वकै हो। तर अहिले नेतृत्व विशेष गरी अध्यक्षहरु त्यो जिम्मेवारीबाट पछाडि हटेको आभाष हुँदैछ। आगामी चैत्र–वैशाखसम्म पार्टीको एकता महाधिवेशन सम्पन्न गर्ने र त्यसको निर्णयलाई अक्षरशः मानेर जाने हो भने यो विवादलाई स्थायी ढंगले हल गर्न सकिन्छ। यो भनेको विधि र प्रक्रियालाई मानेर जाने बाटो हो। महाधिवेशनले स्थापित गरेको नेतृत्वलाई सबैले स्वीकार गर्ने आँट गर्नुपर्छ। यसो नगर्ने हो भने कुनै पनि पार्टी चल्दैन, कम्युनिष्ट पार्टी त झनै चल्दैन। नेपालमा कम्युनिष्ट पार्टी साना–साना गुट उपगुट बोकेर विभाजित भएको इतिहास छ। अब पनि विभाजनको बाटो रोज्ने हो भने विगतको नियति भोग्नुपर्ने निश्चित छ। नेकपाभित्र विभाजनका बाछिटाहरु तलैसम्म पुगिसकेका छन् तर के कारणले हो यो विषयले खुलारुपमा संसदीय दलभित्र प्रवेश पाइसकेको छैन। सत्तारुढ नेकपाभित्र विचारको बहस हुँदैन। पार्टीभित्र प्रशिक्षण, अन्तर्क्रिया हुन छोडिसकेको छ । कमिटी प्रणाली समाप्त प्रायः छ। यस्ता विषयमा नेतृत्व र कार्यकर्ता तहमा चिन्ता नै छैन भन्न नमिल्ला तर कुनै योजना र नीति बनेको देखिन्न। सत्ताकेन्द्रित सोचाइ र बिचौलिया प्रवृत्तिले नेता–कार्यकर्तालाई नराम्ररी गाँजेको छ। स्थानीय, प्रदेश र केन्द्रमा नेकपाको जवर्जस्त उपस्थिति छ तर सामान्य जनताले केही पाएको छैन।

स्थिति कति बिग्रिसकेको छ भने पार्टी फुट्यो भने नेता कार्यकर्ताले बिलौना गर्लान् तर जनताले मतलव नगर्ने परिस्थिति आउन सक्छ। जनताले त नेकपालाई मौका दिएकै हुन् तर उसले गरिखान सक्नुपर्ने हो। न फुट्न सक्ने न जुट्न सक्ने अहिलेको अवस्था लामो समयसम्म रहिरहन सम्भव नहोला। थुप्रै कमी कमजोरीबाट पाठ सिकेर, सच्चिएर जान सक्यो भने मात्रै नेकपाको भविष्य छ। इमानदार नेता कार्यकर्ताको ध्यान त्यसतर्फ जान सक्नुपर्छ। अहिले नै सबै खतम भइसक्यो भन्नु उचित नहोला। फुट र विभाजनबाट कसैको पनि हित हुनेछैन। पार्टीभित्रको समस्या समाधान नगरेर बाहिर हारगुहार गर्नु झनै ठूलो गल्ती हुनेछ ।



### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |



# सुधारको पर्खाइमा सामुदायिक विद्यालयहरू

विद्यमान सामुदायिक विद्यालयहरुको मुख्य चुनौती भनेको विद्यार्थीहरुको संख्या बढाउनु होरु। जसका लागि विद्यार्थीहरुलाई आकर्षण गर्ने कार्यक्रमहरु समावेश गर्नुका साथै सिकाउने तरिकाको सुधार गर्न पनि आवश्यक छ । योबाहेक शिक्षक र व्यवस्थापनलाई बढीभन्दा बढी जवाफदेही बनाउन जरुरी छ । यसो गर्न सकेमा मात्र भविष्यमा सामुदायिक विद्यालयहरुको सुधार क्रमिकरुपले गर्न सकिन्छ ।



● डा. दिलनाथ दंगाल

साधारणतया कुनै पनि विद्यालय बालबालिकाहरूलई शिक्षा दिने स्थान होरू। जहाँ औपचारिकरूपले विभिन्न विषयवस्तुहरू सिकाइन्छरू। वास्तवमा यो समाजको अभिन्न अंगको रूपमा रहेको हुन्छ जुनविना समाजको विकास सम्भव छैन भने समाजविना यसको अस्तित्व र हँदैन । त्यसैले यसलाई एउटा सानो समाजको रूपमा लिन सकिन्छ ।

कुनै पनि विद्यालयको स्थापना व्यक्ति र सामाजकै हितका लागि गरिन्छ । यसले सामान्यतया सामाजिक तथा सांस्कृतिक मूल्य र आदेश नयाँ पुस्तामा हस्तान्तरण गर्न र संस्कृतिको प्रवर्द्धन तथा संवर्द्धन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्छ ।

वस्तुतः सामाजिक बनोट प्रक्रिया, संस्कृति अन्तरक्रिया आदिको आधारमा विद्यालयको पाठ्यक्रम, शिक्षक तथा विद्यार्थीको स्थान, मूल्यांकन प्रक्रिया आदि निर्धारण गरिन्छ । यसैले विद्यालय एक महत्वपूर्ण सामाजिक स्थल हो, जसको छुट्टै आदेश वा पहिचान हुँदैन ।

सामान्यतया प्रत्येक विद्ययालयमा दैनिक पठनपाठनको अतिरिक्त खेलकुद तथा शारीरिक व्यायाम पनि सिकाइन्छ । यो बाहेक यहाँ बालबालिकाहरूमा स्वभाविक आचार तथा व्यवहारको दृष्टिले आवश्यक व्यावहारिक पाठ पनि सिकाइन्छ । नेपालको शैक्षिक क्षेत्रमा राज्य, निजी क्षेत्र र सर्वसाधारणको तर्फबाट लगानी गरिएको छ । यीतीन क्षेत्रबाट गरिएको लगानीको लेखाजोखा गर्ने हो भने यहाँको विकास पूर्वाधारको क्षेत्रमा गरिएको खर्चभन्दा बढी देखिन्छ । परन्तु यसको प्रतिफल भने आशा गरेअनुरूप छैन ।

यहाँको शिक्षा क्षेत्रका लागि वार्षिक पौने दुई खर्ब रूपैयाँभन्दा बढी खर्च गरिन्छ । आर्थिक वर्ष २०७६/०७७ मा मात्रै उक्त क्षेत्रको बजेट एक खर्ब ६३ अर्ब ७६ करोड पुऱ्याइयो । वास्तवमा यहाँका आम अभिभावकहरूले आफ्ना छोराछोरीका लागि गरिएको खर्च पनि जोड्ने हो भने अन्दाजी अर्को एक खर्बभन्दा बढी नै हुन्छ । जुन नेपालजस्तो अतिकम विकसित देशका लागि विपुल धनराशि हो ।

एक आधिकारिक तथ्यांकअनुसार हाल यहाँ ३५ हजार छ सयभन्दा बढी विद्यालयहरू छन् जसमा तीन लाख २२ हजारभन्दा बढी शिक्षकहरू कार्यरत छन । यी शिक्षकहरूमध्ये ८८ हजारभन्दा बढी निजी क्षेत्रमा कार्यरत छन् भने एक लाख ५३ हजारभन्दा बढी निजी क्षेत्रमा कार्यरत छन्रू। सामुदायिक भनिने सरकारी विद्यालयहरूको संख्या २७ हजार आठ सयभन्दा बढी छ जुन देशका विभिन्न भागमा छरिएर रहेका छन ।

हालसम्म विद्ययार्थीहरूको भर्ना दर यकिन नभए पनि युनेस्कोले गरेको एक अध्ययनअनुसार सन् २००८ देखि २०१५ सम्ममा सामुदायिक विद्यालयहरूमा उक्त दर ५८ प्रतिशत घटेको र निजी विद्यालयहरूमा ४४ दशमलव ३९ प्रतिशत बढेको देखिन्छ । यी तथ्यांकहरूले विद्यार्थीहरूको आकर्षण सामुदायिक विद्यालयहरूमा भन्दा निजी विद्यालयहरूमा बढी भएको पुष्टि गर्दछन ।

वर्तमान समयमा देशभरका अधिकांश सामुदायिक विद्यालयहरूको मुख्य समस्या भनेको विद्यार्थीहरूको अभाव हो । यी विद्यालयहरूमा प्रत्येक वर्ष राज्यको खर्च धेरै बढे पनि विद्यार्थीहरूको संख्या घट्नु चिन्ताको कुरा हो । तर हालसम्म पनि यस सम्बन्धमा सम्बन्धित पक्षको ध्यानआकृष्ट हुन सकेको छैन । वर्षेनी सरकारलाई शिक्षा बजेट बढाउन दबाब दिइन्छ । तर उक्त विद्यालयहरूको सुधारका लागि कतैबाट पनि दबाब छैन । यी विद्यालयहरूका शिक्षक तथा कर्मचारीहरूलाई तलव तथा शैक्षिक सामग्रीहरूमा लगानी गर्नु भनेको बालुवामा पानी हाल्नुसरह हो ।

आज यहाँ विद्यमान सामुदायिक विद्यालयहरूको मुख्य चुनौती भनेको विद्यार्थीहरूको संख्या बढाउनु होरू। जसका लागि विद्यार्थीहरूलाई आकर्षण गर्ने कार्यक्रमहरू समावेश गर्नुका साथै सिकाउने तरिकाको सुधार गर्न पनि आवश्यक छ । योबाहेक शिक्षक र व्यवस्थापनलाई बढीभन्दा बढी जवाफदेही बनाउन जरूरी छ । यसो गर्न सकेमा मात्र भविष्यमा सामुदायिक विद्यालयहरूको सुधार क्रमिकरूपले गर्न सकिन्छ ।

वस्तुतः केही दशकदेखि यहाँ सञ्चालित निजी विद्यालयहरूको उत्कृट नतिजा देखिन्छ भने सामुदायिक विद्यालयहरूको नतिजा निराशाजनक देखिन्छ । यो निःसन्देह पनि लाजमर्दो मात्र नभई जनताले तिरेको करको वैधानिक दोहन पनि हो । यस सम्बन्धमा आजसम्म पनि सम्बन्धित पक्षको ध्यान जान नसक्नु दुःखको कुरा हो ।

केही वर्षअघि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको शैक्षिक गुणस्तर केन्द्र (ईआरओ)ले गरेको सर्वेक्षणले हाल यहाँ रहेका सामुदायिक माध्यामिक विद्यालयहरूमध्ये पठनपाठनको दृष्टिले शून्य दशमलव एक प्रतिशत मात्र उत्तम देखाएको छ जुन लगानीको अनुपातमा नगण्य नै भन्न सकिन्छ ।

यहाँका २४ जिल्लाका तीन हजार नौ सय उनान्सय विद्यालयहरूमा गरेको कार्यसम्पादन परीक्षणपछि करिब ८५ प्रतिशत विद्यालयहरूको पठनपाठन अनुपयुक्त भएको कुरा एक सरकारी प्रतिवेदनमा उल्लेख गरिएको छ । सरकारी निकायले सम्बन्धित मन्त्रालयमा बुझाएको प्रतिवेदनपछि पनि उक्त समस्याको समाधान गर्न ध्यान नदिनु खेदको कुरा हो ।

> शिक्षा सामजिक विषमतका खाडलहरु पुर्ने एउटा महत्वपूर्ण माध्यम हो । यसले प्रत्येक व्याक्तिको जीवन सुखी एवं सम्पन्न पार्न ठूलो योगदान पुऱ्याउँछ । ● ●

नेपालको शिक्षा क्षेत्र राजनीतिकीकरणले गर्दा ठोस विकास हुन सकेको छैन । वर्तमान संविधानअनुसार माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको मातहतमा राखिएकोले पुराना समस्याहरू यथावत् छन् भने नयाँ समस्याहरू थपिएका छन् । स्थानीय तहहरू यस्ता समस्याहरू समाधान गर्न कति सक्षम हुने छन् भन्ने कुरा भविष्यले देखाउनेछ ।

आज यहाँ सामुदायिक विद्यालयहरू जताततै छन् जहाँ विद्यार्थीहरूको संख्याभन्दा शिक्षकहरूको संख्या बढी छ । तर यिनीहरूमा विद्यार्थी तथा अभिभावकहरूको आकर्षण कम छ । त्यसैले भविष्यमा यिनीहरूको व्यापक सुधार गरी अधिकतम विद्यार्थीहरू भर्ना गर्न जरूरी छरू। यसो गर्न सकेमा मात्र जनताले तिरेको करको सदुपयोग भई भविष्यमा यो देश विभिन्न क्षेत्रको विकासमा अग्रसर हुनेछ । शिक्षा भनेको ज्ञान आर्जन गर्नु हो । विद्यालयहरूमा अध्ययन गरेर वा जीवनका विभिन्न अनुभव संगालेर ज्ञान उपार्जन गर्न सकिन्छ यस्तो ज्ञानबाट परिवार, समाज र विश्व नै लाभान्वित हुन्छ ।

वस्तुतः शिक्षा केही पढेर वा सिकेर प्राप्त गर्न सकिन्छ । पढेर सैद्धान्तिक ज्ञान आर्जन गर्न सकिन्छ भने परेर व्यावहारिक ज्ञान । यो संसारमा प्रत्येक व्यक्ति विभिन्न विकासका सम्भावनाहरू लिएर जन्मेका हुन्छन । शिक्षाकै माध्यमबाट यिनीहरूलाई व्यवहारमा उतार्न सम्भव हुन्छ ।

शिक्षा सामजिक विषमतका खाडलहरू पुर्ने एउटा महत्वपूर्ण माध्यम हो । यसले प्रत्येक व्याक्तिको जीवन सुखी एवं सम्पन्न पार्न ठूलो योगदान पुऱ्याउँछ । शिक्षाविना कुनै पनि देशको विकास गर्न सकिँदैन । त्यसैले नेपालको संविधान २०७२ मा शिक्षालाई मौलिक हकअन्तर्गत राखिएको छ । उक्त हक प्रदान गर्न यहाँका सामुदायिक विद्यालयहरूको भूमिका महत्वपूर्ण छ । त्यसैले आगामी दिनहरूमा उक्त विद्यालयहरूको सुधार गर्न नितान्त आवश्यक छ ।

# जनमुखी राजनीतिका धरोहर 'रुदाने'

विक्रम सम्बत १९९० सालको पुस २६ गतेका दिन आमा चित्रकुमारीको कोखबाट हालको थाहा नगरपालिका ३ घर्तीखोलामा रूपचन्द्र बिष्टको जन्म भएको थियो। धनी बाबू पदमबहादुर बिष्टको घरमा जन्मिएर पनि रूपचन्द्र बिष्ट सानै उमेर देखि विद्रोही, न्यायप्रेमी थिए। त्यसैले उनी कलिलै उमेरमा कम्युनिस्ट विद्यार्थी राजनीतिमा जोडिन पुगे। २००७ साल देखि २०१० सम्म सक्रिय विद्यार्थी राजनीतिमा रहेका रूपचन्द्र विष्ट २०१७ सालको राजनैतिक परिवर्तन पछि २०२२-२०२९ सालमा मकवानपुरको पालुङ गाउँ पञ्चायतबाट प्रधानपञ्चमा निर्वाचित बने। बि.ए, बि.एल गरेका रूपचन्द्र बिष्ट २०२८ मा स्नातक कोटामा राष्ट्रिय पञ्चायतको सदस्य समेत रहेका थिए। रूदाने, रूपे, स्वरूपे, जसरू, रापसरू जस्ता उपनामले समेत परिचीत रूपचन्द्र बिष्ट जनमुखी राजनीति, विद्रोही स्वभाव, बिकासप्रेमी स्वभाव, उत्तरी मकवानपुरमा उनले चलाएको शैक्षिक आन्दोलन, थाहा अभियानका कारण जनप्रिय नारीबादी, जनबादी नेताका रूपमा राजनीतिक बृतमा चर्चित र परिचीत छन्। राष्ट्रिय पञ्चायतको सदस्य हुँदा समेत प्रजातान्त्रिक सोच, विचार कारण पत्राउ परेका रुदाने बारे थुप्रै रोचक र प्रेरणादायी घटना र प्रसंग जोडिएका छन्। २०५६ साल असार ७ गतेको दिन यस धर्तीबाट टाढा भएका रुदानेसँग सम्बन्धित थुप्रै मध्य केही रोचक प्रसंगलाई यहाँ प्रस्तुत गर्न गइरहेको छु।

**प्रसंग-१**
**- ५० पैसाको हिसाब**


जति बेला रूपचन्द्र विष्ट प्रधानाध्यापक थिए, जनकल्याण माध्यमिक विद्यालयका विद्यार्थीहरूले चन्दा संकलन गरी सरस्वती पूजा मनाउने तयारी गरे। विद्याकी देवी सरस्वतीको पूजा गर्न विद्यार्थीहरू पनि उत्साहित थिए। त्यसका निम्ति बिधालयका एउटा चलाख र फुर्तिलो विद्यार्थीलाई चन्दा संकलन गर्ने र सबै पूजाआजा अनि खानपानको समेत व्यवस्था गर्ने जिम्मेवारी दिइयो।

सबै मिलेर सरस्वती पूजा सम्पन्न गरे। कार्यक्रम एकदमै राम्रो भयो। पछि हिसाबकिताब गरियो। सहयोग तथा चन्दा आम्दानी र खर्चको विवरणहरू पेस भए। तर, कार्यक्रमको जिम्मेवारी लिएको चनाखो केटोले ५० पैसाको हिसाब हरायो। उसले यो थोरै पैसाको हिसाब खोजिरहनु हुँदैन, कतै हरायो होला भनेर सामान्य रूपमा लिए। यो कुरा थाहा पाएका रूपचन्द्र विष्टले उनलाई "अरूसँग उठाएको रकम एक पैसा पनि हिनामिना गर्न वा हराउनुहुँदैन। पारदर्शी ढंगले सार्वजनिक गर्नु पर्दछ भने" रूपचन्द्रले अझै अगाडि थप्दै भने "आज विद्यार्थी हुँदा ५० पैसा हिनामिना गर्नेले भोलि ठुलो ठाउँमा जिम्मेवारी पायो ठूलै हिनामिना गर्ने सम्भावना हुन्छ, त्यसैले यस्तो बानीको बिकास नै गर्नु हुँदैन।"

...... र त्यो ५० पैसाको हिसाब हराउने बिद्यार्थी अरू कोहि नभएर अहिलेका प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका सभापति रामनारायण बिडारी थिए।

**प्रसंग-२**
**- शब्द फिर्ता**

यो २०३८ सालमा राष्ट्रिय पञ्चायतको बैठक चल्दै गर्दाको कुरा हो। जब रूपचन्द्र बिष्टको बोल्ने पालो आयो उनले भने-"मुखमा राजा, देश र व्यवस्था लेखिएका तर जनताको अधिकार तथा विकासलाई भुक्ने-टोक्ने कुकुरहरू हाम्रा मुख्य राजनीतिक समस्या हुन्।" उनले यत्ति बोलेर सकेका मात्र के थिए बैठकमा हल्लाखल्ला सुरू भयो। राष्ट्रिय पञ्चायतका सदस्य हिरालाल विश्वकर्मा मञ्चमै गएर उफ्रदै कराए "अध्यक्षज्यू, रापस सदस्यहरूलाई कुकुर भन्न पाइन्छ?" रूपचन्द्र बिष्टले रापस सदस्यहरूलाई कुकुर भनेकोमा उनको खास आपत्ति थियो। विश्वकर्माले रूपचन्द्र बिष्टले आफ्नो बोली फिर्ता नलिएसम्म बैठक अघि बढाउन नहुने ..... नदिने अडान लिए। यता रूपचन्द्रले पनि जिकिर गरे-"म आँफै रापस हुँ। आफैंले आफैंलाई किन कुकुर भन्थें!" तर विश्वकर्मा मान्दै मानेन। उनी लगातार कराई रहे अन्ततः सभापति कमल शाहले रूपचन्द्र बिष्टलाई आफ्ना शब्दहरू फिर्ता लिन आदेश दिए। पञ्चायत सदस्य भएको नाताले रूपचन्द्र पनि सभापतिको आदेश मान्न बाध्य भए। र उनले भने-" हे मैले बोलेका शब्दहरू हो! तिमीहरूको काम सकियो। ल फिर्ता आओ!" हुन पनि रूपचन्द्र बिष्टले जे भन्नुपर्ने त्यो भनिसकिएको थिए, अनि जसले सुन्नुपर्ने हो उसले पनी त्यो सुनिसकेको थियो। रूपचन्द्र बिष्टले भन्नुपर्ने कुरा भनेर यसरी आफ्ना शब्द फिर्ता लिए जुन तरिका देखेर राष्ट्रिय पंञ्चायतको बैठक हाँसोले गुञ्जायमान भयो।



**प्रसंग-३**
**-कुरा बुझाउने काईदा**

यो कुरो पनि पञ्चायतकालको नै हो। त्यो बेला सूर्यबहादुर थापा प्रधानमन्त्री थिए। एकपटक रूपचन्द्र बिष्ट र सूर्यबहादुर थापाको भेट भएछ। रूपचन्द्र बिष्टले 'देश कसरी सपार्ने' भन्नेबारे केही कुरा राखेछन्। कहाँ सूर्यबहादुर थापा एउटा सक्रिय राजतन्त्रको शक्तिशाली प्रधानमन्त्री। कहाँ रूपचन्द्र बिष्ट छाप्रे ब्यूँताउन हिंडेको झुत्रेझाम्रे अनि भएको ब्यवस्था कै विरोधि। त्यसैले स्वभाविक हो, रूपचन्द्र बिष्टको देश कसरी सपार्ने भन्ने कुरा सूर्य बहादुरलाई रूचिकर भएन। त्यसैले सुर्य बहादुर थापाले भनेछन्, "तपाईँको कुरा केही पनि बुझिन बिष्टज्यू" यो बिच रूपचन्द्र ले आफ्ना कुरा दोहोऱ्याएर राख्ने र सूर्यबहादुरले पटक पटक बुझिन भन्ने क्रम केहीबेर दोहोरिएछ।

यो देखेर रूपचन्द्रलाई झोंक चलेछ उनको पालो-गोजीबाट दश रुपैयाँको नोट झिकेर प्रधानमन्त्री सुर्य बहादुर थापा तर्फ देखाउदै भनेछन "यो रुपैयाँ दश लेखेको त देखियो होला नि? मान्छेहरू आजकल यै मात्र बुझ्छन्। देश सपार्ने कुरा के बुझ्थे! पैसो बुझ्छन्-कुरो बुझ्दैनन्।" रूपचन्द्र बिष्टको यो रौद्र रूप देखेर सूर्यबहादुर हेरेको-हेऱ्यै भएछन।

**प्रसंग-४**
***-जब जनता हाँस्छ अनि रुप्चन नाच्छ***

२०३९ सालमा सूर्यबहादुर थापा प्रधानमन्त्री थिए। खडेरीका कारण देशको विभिन्न स्थानमा अनिकाल फैलिएको थियो। प्रधानमन्त्री थापा जिम्मेवारीबाट बिमुख भएको भन्दै रूपचन्द्र छेडछाड गरिरहन्थे। त्यस्तैमा एक दिन प्रधानमन्त्रीले विधायक सदस्यहरूका लागि रात्रीभोजको आयोजना गरे। उक्त भोज होटल याक एण्ड यतिमा आयोजना गरिएको थियो। भोजमा उच्चकोटीको विदेशी मदिरा र नाचगानको पनि व्यवस्था गरिएको थियो। रूपचन्द्र बिष्ट पनि विधायक सदस्य भएको नाताले कार्यक्रममा सामेल भए।

प्रधानमन्त्री सुर्य बहादुर थापाका सहोदर भाई तथा प्रमुख राजनीतिक सल्लाहकार हरेन्द्रबहादुर थापालाई भोजका निम्तालुहरूलाई नचाउदै भोजमा रमाइलो गर्न लगेछन। उनले पशुपतिसमसेर राणा, प्रकाशचन्द्र लोहनीलगायतलाई उठाएर गानाबजानामा सामेल गराए। उनीहरू सबै थपडी बजाई-बजाई गीत गाउन र नाच्न थाले। रूपचन्द्र बिष्ट भने एउटा कुनामा बसेर जनता खडेरीका कारण भोकै मर्दै थिए नेताहरू भने यसरी भोजमा नाच्दै रमाई रहेको यो दृश्य विरक्त मान्दै हेरिरहेका थिए। हरेन्द्रबहादुर रूपचन्द्र भएको ठाँउमा पुगे र उनलाई पनि तान्न थाले .... तर रूपचन्द्र डेग चलेनन्। बरू उनले भने, "जब यो भुइँ-आकास नाच्छ, जब भित्ता नाच्छ, जब साराका सारा नेपाली नाच्छ, अनिमात्र रूपचन्द्र नाच्छ।" आफुहरूलाई अपमानित गरेको भनेर यहि बिषयलाई लिएर भोजमा रूपचन्द्र बिष्ट र जनकपुरबाट मनोनित पञ्चायत सदस्य रूद्र गिरी बिच हात हालाहाल पनि भएको थियो।

**प्रसंग-५**
***-अन्तर्वार्ताका लागि धरौटी***

रूपचन्द्र बिष्ट हत्तपत्त पत्रकारहरूलाई अन्तर्वार्ता दिंदैनथे। पत्रिका कसले चलाएको हो, त्यो पत्रिका जनमूखी छ छैन ख्याल राख्दथे। चित्त बुझे कुरा गर्थे, चित्त नबुझे अस्वीकार गर्दथे। वि.सं. २०४८ सालको कुरा हो पत्रकार देवप्रकाश त्रिपाठी साप्ताहिक विमर्शमा काम गर्थे। एक दिन उनी अन्तर्वार्ता लिने उद्देश्यले रूपचन्द्रको कालिमाटीस्थित निवासमा पुगेछन्।

'किन आईस्' रूपचन्द्रले सोधे।

'अन्तर्वार्ता लिन।' त्रिपाठीले भने।

तर रूपचन्द्रले साप्ताहिक विमर्शलाई अन्तवार्ता दिन इन्कार गरे। भनेछन् 'तँ भाते आइस् भन्दैमा शत्रुदासका पनि दासहरूले चलाएको पत्रिकामा मैले अन्तर्वार्ता दिन मिल्दैन। जुन दिन आफैं सम्पादक हुन्छस्, त्यो दिन आइज।'

त्रिपाठीले जति कोशिस गर्दा पनि रूपचन्द्रलाई अन्तर्वार्ताको लागि मनाउन सकेनन्।

कालान्तरमा तीनै त्रिपाठी जनमञ्च साप्ताहिकको कार्यकारी सम्पादक भए। त्रिपाठीलाई लाग्यो-रूपचन्द्रले अन्तवार्ताको लागि राखेको शर्त अब बाधक रहेन। उनी उत्साहित हुँदै फेरि कालिमाटी पुगे। भने- 'म जनमञ्चको कार्यकारी सम्पादक भएँ। अब त कुरा गर्न मिल्छ होला नि!'

तर रूपचन्द्रले फेरि त्रिपाठीलाई निरास पारे। भनेछन्, 'मुलुकको राजश्व छल्ने, मानिसहरूलाई जुवामा भिडाएर आँफू मोज गर्ने विदेशीले चलाएको पत्रिकामा तँ सम्पादक भइस् भन्दैमा मैले अन्तर्वार्ता दिन मिल्दैन।'

जनमञ्च साप्ताहिकमा त्यतिखेर अमेरिकी नागरिक आरडी टटलको संलग्नता थियो जो क्यासिनो नेपालका सञ्चालक थिए। रूपचन्द्रको कुरा सुनेर त्रिपाठीलाई पनि झोंक चलेछ। झत्यसोभए चोर, डाँका, लुच्चा, फटाहाहरू पनि बास बस्ने गरेको पृथ्वीमा हामीले बस्नुभएन नि! सबैले थुक्ने गरेको पृथ्वीमा हामीले टेक्नु पनि भएन।' त्रिपाठीले बिष्टलाई मनाउने हरसम्भव कोशिस गरेछन्, 'अखबार सञ्चालनमा जसको पैसा परे पनि तपाईंको नाममा छापिने चिज शुद्ध भए भइहाल्यो नि!'

तर अहँ, रूपचन्द्र टसको मस भएनन्।

'मलाई तर्कवितर्क गर्नु छैन। भन्ने कुरा भनिसकेँ बुझ्ने-नबुझ्ने तेरो कुरा। विदेशी दलालले चलाएको अखबारमा तैंले जतिपटक भने पनि मैले अन्तर्वार्ता दिन मिल्दैन।' रूपचन्द्र गल्ने भए पो! पत्रकार त्रिपाठी दोस्रोपटक निरास भई फर्किएछन्।

'किन आईस्' रुपचन्द्रले सोधे।
'अन्तर्वार्ता लिन।' त्रिपाठीले भने।
तर रुपचन्द्रले साप्ताहिक विमर्शलाई अन्तवार्ता दिन इन्कार गरे। भनेछन् 'तँ भाते आइस् भन्दैमा शत्रुदासका पनि दासहरुले चलाएको पत्रिकामा मैले अन्तर्वार्ता दिन मिल्दैन। जुन दिन आफैं सम्पादक हुन्छस्, त्यो दिन आइज।'
त्रिपाठीले जति कोशिस गर्दा पनि रुपचन्द्रलाई अन्तर्वार्ताको लागि मनाउन सकेनन्।
कालान्तरमा तीनै त्रिपाठी जनमञ्च साप्ताहिकको कार्यकारी सम्पादक भए। त्रिपाठीलाई लाग्यो- रुपचन्द्रले अन्तवार्ताको लागि राखेको शर्त अब बाधक रहेन। उनी उत्साहित हुँदै फेरि कालिमाटी पुगे। भने- 'म जनमञ्चको कार्यकारी सम्पादक भएँ। अब त कुरा गर्न मिल्छ होला नि!'

◆ ◆ ◆

२०५२ सालमा भने त्रिपाठीले आफ्नै पत्रिका सुरु गरे घटना र विचार। अब भने उनी फूर्तिसाथ रूपचन्द्रकहाँ जान सक्ने भए। सोही साल जेठको मध्यतिर फेरि उनी रूपचन्द्र कहाँ गएछन्। त्रिपाठी स्वयंले पत्रिका सञ्चालन गरेको थाहा पाएर रूपचन्द्र खुशी भए रे। उनी अन्तर्वार्ताको लागि तयार पनि भए। तर उक्त अन्तर्वार्ताका लागि पत्रकार त्रिपाठीले २ हजार रूपैयाँ धरौटी राख्नुपऱ्यो तोडमोड गरी अन्तर्वार्ता छापेमा जफत हुने सर्तमा।



यादवजंग रायमाझी

उक्त अन्तर्वार्ता २०५२ असार ७ गते प्रकाशित घटना र विचारको पहिलो अंकमा प्रकाशित भयो।

आफ्ना कुरा नबिगारी छापिदिए पछि मात्र रूपचन्द्र बिष्टले अन्तर्वार्ता प्रकाशित भएको केही दिनमै धरौटी रकम फिर्ता गरेछन्।

**प्रसंग-६**
**-घरभाडा**

काठमाण्डौं कालिमाटीमा रूपचन्द्र बिष्टको घर थियो। तर रूपचन्द्र उक्त घरमा बस्दैनथे। घर अगाडि एउटा कटेरो हालेर त्यसैमा बस्ने गरेका थिए। घरको एउटा फ्ल्याट भाडामा दिएका थिए।

एकदिन त्यही कटेरोमा गफ गर्दै गर्दा पत्रकार देवप्रकाश त्रिपाठीले सोधे, 'कति आँउछ भाडा?' रूपचन्द्रले जवाफ दिए-सुरुमा भाडामा दिइएको हो, तर अहिले कुरामा फरक पर्न गयो।' रूपचन्द्रले कुराको पोयो खोले, 'कालीमाटीकै एक होटल मजदुरले मसँग फ्ल्याट भाडामा लियो। सुरु-सुरुमा समयमै भाडा बुझायो पनि। तर पछिल्ला महिनाहरूमा भाडा दिने काम निकै अप्ठ्यारो र ढिलोसँग हुन थाल्यो। पछि बुझ्दै जाँदा उसको पारिश्रमिक नै मलाई भाडा बुझाउन ठिक्कजस्तै हुँदोरहेछ। श्रीमती र छोराछोरीलाई खानपिन र पठनपाठनका लागि खर्च जुटाउन निकै मुस्किल पर्ने गरेको देखियो। आफ्नो न्यूनतम खर्च पनि नराखेर भाडा तिर्दोरहेछ। मलाई अलिकति रिस पनि उठ्यो, नसकी-नसकी भाडा तिर्ने भनेर। अनि मैले भन्दिएँ- आइन्दा भाडा नतिर्नू!'

'कहिलेसम्म भाडा नलिने त?' त्रिपाठीले सोधे।

'जहिलेसम्म ऊ भाडा तिर्न सक्ने हुँदैन।' रूपचन्द्र जवाफ दिए।

बाँकी अर्को अंकमा

विकास खबरपत्रिका साप्ताहिक www.bikaskhabar.com
२०७७ पौष २७ गते सोमबार, 11 Jan. 2021, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



## नेकपा मकवानपुरको अध्यक्षमा श्रेष्ठ



◆ विकास संवाददाता

नेपाल कम्युनिष्ट पार्टी मकवानपुरको अध्यक्षमा एकालाल श्रेष्ठ चयन हुनु भएको छ । नेकपा मकवानपुरको २५ पुसमा हेटौंडामा आयोजित कार्यकर्ता भेलाले अध्यक्षमा एकालाल श्रेष्ठलाई चयन गरेको हो ।

नेकपा ओली समुहले नेकपा भेलाबाटनै तत्कालीन अध्यक्ष मुनु सिग्देल तथा सचिव प्रेमबहादुर पुलामिलाइ कारबाही गर्दै अध्यक्षमा श्रेष्ठलाइ चयन गरेको हो । हेटौंडामा भएको नेकपा मकवनपुरको अगुवा कार्यकर्ता भेलाको अवसरमा केन्द्रिय सदस्य रामेश्वर रानाले कारबाहिको जानकारी तथा अध्यक्षको घोषणा गरे ।

अध्यक्ष चयन भएपछी संबोधन गर्दै श्रेष्ठले अब यो पार्टीलाई सुदृढ बनाएर अगाडी वढाउने बताउनुभयो । पाटी भित्रका अपुरा कामलाई अव तिब्र गतिमा गर्नका लागि आफ्नो नेतृत्व लागिपर्ने उनले बताए ।

## गढीमा अस्पताल शिलान्यास

◆ विकास संवाददाता

मकवानपुरगढी गाउँपालिका वडा नम्बर ६ डुम्रेकुनामा १५ शैयाको अस्पताल निर्माणको काम सुरू भएको छ । अस्पतालको नेकपाका केन्द्रीय सदस्य तथा समकवानपुर क्षेत्रनम्बर २ का सांसद विरोध खतिवडाले शिलान्यास शिलान्यास गरे ।

गाउँमा अस्पताल निर्माण भएपछी सामान्य बिरामी हुँदा पनि जिल्ला अस्पताल सम्म धाइरहनुपर्ने बाध्यता हट्ने खतिवडाले बताए । कुल ६ करोड ५ लाख रूपैयाँ लागतमा निर्माण गर्न लागिएको गढी गाउँपालिकाका अध्यक्ष बिदुर हुमागाईले वताए । अस्पताल निर्माण भएपछी धेरैलाई सहज हुने उनले बताए ।

कार्यक्रममा मकवानपुरगढी ५ का वडा अध्यक्ष जितबहादुर घिमीरे, ६ का वडा अध्यक्ष टिका दाहाल लगायतकाको सहभागिता रहेको थियो ।

# हेटौंडा उपमहानगरपालिकाको आठौं सभा

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाको आठौ नगरसभा बैठकबाट विभिन्न निर्णयहरू गरिएको छ । नगरसभाले केही योजनाहरू परिवर्तन गर्नुका साथै केही कानुनहरू समेत संसोधन गरेको छ । उपमहानगरपालिकाका मेयर हरिबहादुर महतको अध्यक्षतामा भएको नगरसभाले धेरै नीतिगत निर्णय गरेको छ । विभिन्न वडाहरूबाट संशोधनका लागि प्रस्ताव गरिएका नगर कार्यपालिकाबाट नगर सभामा स्वीकृतिका लागि पेश भएका अनुसुची बमोजिमका योजना तथा कार्यक्रमहरू संशोधन स्वीकृति गरिएको छ ।

उपमहानगरपालिकाको विभिन्न विषयगत समितिहरूबाट सिफारीस भई नगर कार्यपालिकाबाट नगर सभामा स्वीकृतिका लागि पेश भएका विषयगत क्षेत्रहरूमा विनियोजन भएको योजना तथा कार्यक्रमहरू संशोधन सहितको स्वीकृति गरिएको मेयर महतले बताए । यस उपमहानगरपालिकाको विधायन समितिबाट प्रस्ताव गरिएको वन विकास सम्वन्धि विधेयक, २०७७ नगर कार्यपालिकाबाट निर्णय भई स्वीकृतिको लागि सिफारिस भएको छ ।

उपमहानगरपालिकाको अन्तरवार्ता तथा सूचिकरण समितिबाट विभिन्न मितिमा पदपुर्त्ति सम्बन्धि भएको निर्णय अनुमोदन गरिएको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाको कार्यालय भवन निर्माणमा लाग्ने नक्सापास दस्तुर छुट गर्ने निर्णय भएको छ । असुल उपर गर्नु पर्ने बेरूजुलाई असुल उपर र नियमित तथा म्याद नाघेका पेश्कीहरूलाई फच्र्यौट सम्वन्धि कार्य गर्न कार्यदल गठन गरी कार्य अगाडी बढाउन नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय भएको मेयर महतले बताए । गत आषढमा सम्पन्न भएको नगर सभाबाट अख्तियारी प्राप्त गरी नगर प्रमुख स्तरीय निर्णयबाट सञ्चालन भएका अनुसुची–घ बमोजिमका योजना तथा कार्यक्रमहरू अनुमोदन गरिएको छ ।




यस उपमहानगरपालिकाबाट भए गरेको पूर्वाधार निर्माण एवम् कार्यक्रमहरूको मंसिर मसान्तसम्म नगरस्तरीय योजना तथा कार्यक्रमहरूका फरफारक समितिबाट फरफारकका लागि सिफारिस भएको निर्णय अनुमोदन गरिएको छ ।

आठौ नगरसभा बैठकमा चालु आर्थिक वर्ष र आउँदो आर्थिक वर्षमा गरिने कामका विषयमा उपमहानगरपालिकाका उपमेयर मिना कुमारी लामाले जानकारी गराए । पुर्वाधार क्षेत्र तर्फको चालु आर्थिक वर्षको स्वीकृत ४ सय २९ वटा कार्यक्रमहरू मध्ये १ सय २७ वटा योजनाहरू सम्झौता भई कार्यान्वयनमा गएको बताए । सडक पूर्वाधार तर्फ ३७ वटा स्ल्याव ढलान सम्पन्न भई १२ किमी स्ल्याव ढलान सडक निर्माण भएको लामाले बताइन् ।

हाल ९० वटा चालु अवस्थामा र ३ सय २ वटा योजनाहरू सम्झौताको चरणमा रहेको छ । यस उपमहानगर पालिकाको गौरवका आयोजनाहरूको रूपमा रहेका वडा नं. ४, ५ र ८ को मध्य भागमा रहेको कर्रा कोरीडोर योजनाको प्रथम चरणको कार्य सम्पन्न भएको उनले बताए। वडा नं.१० मा रहेको एकिकृत बस टर्मिनल निर्माणको लागि निर्माण व्यवसायी रसुवा–आशिस–बानिया–जेभी छनौट भई सम्झौता भईसकेको छ ।

वडा नं.८ मा चन्द्रोदय मा.वि.को चौरमा प्यारापिट निर्माणको लागि निर्माण व्यावसायी छनौट भई सम्झौताको अन्तिम चरणमा पुगेको जानकारी गराए । पुरानो बसपार्क क्षेत्र स्थित १० नं. वडा कार्यालय भवन रहेको स्थानमा आधुनिक सुविधायुक्त संरचना सहितको व्यवसायिक कम्पलेक्स भवन निर्माण गर्नका लागि बिस्तृत परियोजना तयार गर्ने कार्यको लागि परामर्शदाता संस्थासंग सम्झौता प्रक्रियाको अन्तिम चरणमा रहेको छ ।

यस हेटौडा नगर क्षेत्रभित्र सुरक्षित नागरिक आवास कार्यक्रम अर्न्तगत मकवानपुर जिल्ला निर्वाचन क्षेत्र नं. २ को यस उपमहानगरपालिका अर्न्तगत वडा नं. १, ३, ११ र १९ को लागि १ सय घर धुरी छनौटको प्रक्रिया अगाडी बढाइएको नगरसभामा जानकारी गराइएको छ ।

नगरको बृहत्तर विकासमा महत्व राख्ने ६३ कि.मी लामो चक्रपथ निर्माणको योजना क्रमशः निर्माण सम्पन्न गर्ने लक्ष्य अनुरूप उपमहानगरपालिकाले यस आ. ब. मा वडा नं. १५ र १६ खण्डमा योजना संचालन गर्न निर्माण व्यवसायी छनौट भई सम्झौताको चरणमा रहेको छ । त्यसैगरी वडा नं. १७ र १८ को एक्लेखेत राजदेवी सडक खण्डको सडक कालोपत्रे निर्माण कार्य अघि बढाइएको छ ।

# जिसस मकवानपुरको बैठक सकियो

◆ विकास संवाददाता

जिल्ला समन्वय समिति (जिसस) मकवानपुरले हरेक महिना आयोजना गर्ने स्थानीय तह समन्वय बैठक २६ असारमा बसेको छ । जिसस मकवानपुरका प्रमुख रघुनाथ खुलालको अध्यक्षतामा बसेको बैठकले विभिन्न विषयमा छलफल गर्नुका साथै निर्णय समेत गरेको छ ।

बैठकमा जिल्ला समन्वय समितिको आयोजनामा सञ्चालन गरिने स्थानीय तह स्तरीय फुटबल प्रतियोगिताका बारेमा जानकारी गराईएको थियो । जिससको आयोजना र जिल्ला खेलकुद विकास समितिको व्यवस्थापनमा हुने प्रतियोगितामा जिल्लाका सबै स्थानीय तहको सहभागिता हुने निर्णय गरिएको जिसस प्रमुख खुलालले जानकारी दिए ।

त्यस्तै बैठकले स्थानीय तहहरूको चालु आर्थिक वर्षको समग्र पुर्वाधार योजनाहरू जिससलाई उपलब्ध गराउने निर्णय गरेको छ । स्थानीय तहको योजना अनुगमनका लागि स्थानीय तहको गौरबका योजनाहरू, संघीय सरकार र प्रदेश सरकारद्धारा सञ्चालित सम्पूर्ण योजनाको विवरण उपलब्ध गराउने निर्णय भएको हो । जिससले यो पटक स्थानीय तहको गौरबको योजना, चालु आर्थिक वर्षमा स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारद्धारा सञ्चालित पुर्वाधार योजनाहरूको अनुगमन गर्ने हुँदा उक्त योजनाहरूको विवरण उपलब्ध गराउन पत्राचार गर्ने निर्णय गरेको उनले बताए । बैठकमा जिससले सञ्चालनको तयारी गरेको व्यवसाय प्रबर्द्धन केन्का बारेमा जानकारी गराउनुका साथै जिल्ला सभाबाट आगामी २०७८ सम्ममा जिल्लालाई बालमैत्री घोषणा गर्ने निर्णय भए अनुसार स्थानीय तहहरूमा भएका कामको प्रगतिका बारेमा समेत छलफल भएको प्रमुख खुलालले जानकारी दिए । बैठकमा स्थानीय तहका प्रमुख उपप्रमुखहरूले बालमैत्री स्थानीय तह घोषणाका लागि कामहरू भईरहेको बताए ।

## प्रहरीद्वारा राक्सिराङ्मा गाँजा फडानी

◆ विकास संवाददाता

मकवानपुरको विकट राक्सिराङ गाउँपालिकामा लगाएको ५० बिगाहा लागुऔषध गाँजा र ५ बिगाहा अफिम खेती फडानी गरी नष्ट गरिएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुर र ईलाका प्रहरी कार्यालय मनहरीबाट प्रहरी निरिक्षक विनोद श्रेष्ठको कमाण्डमा खटिएको ५० जना प्रहरी टोलीले पुष २५ गते शनिबार फडानी गरी नष्ट गरेको हो ।

गाउँपालिकाको वडा नं. २ को माङ्सिरङ, चनौडा, सुनारीसौरा, वडा नं. ३ को गोठरी, भाटीबेसी र वडा नं. ५ को पंजनीमा गरी ५० बिगाहा अवैध रूपमा खेती गरिएको लागूऔषध गाँजा तथा ५ बिगाहा अफिम खेती फडानी गरी नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

## प्रदेशमा विकासले गति लिएको छ–पौडेल



◆ विकास संवाददाता

नेकपाका केन्द्रीय सदस्य तथा बागमती प्रदेशका मुख्यमन्त्री डोरमणी पौडेलले बागमती प्रदेश सरकारले विकास निमार्णको कार्यहरू तिब्र गतिले गरिरहेको बताएका छन् ।

शनिबार हेटौंडामा भएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मकवानपुरको बृहत कार्यकता भेलामा बोल्दै मुख्यमन्त्री पौडेलले प्रदेश स्थापना भएको ३ वर्ष पुग्न लागेको बताउँदै प्रदेशमा विकास निमार्णको कामहरू तिब्र भईरहेको बताए । उनले भनेँ,प्रदेश स्थापना भएको ३ वर्ष पुग्दै छ । हिजो प्रदेशको बारेमा हामीलाई कुनै जानकारी थिएन,प्रदेश के हो भनेर थाहा थिएन, प्रदेश व्यवस्था नै थिएन,यो नयाँ व्यवस्था हो,संरचना हो । र यो नयाँ व्यवस्था र नयाँ संरचनाप्रति तपाईहरूको धेरै आकांक्षा स्वोभाविक हो । नयाँ सरकार आयो,यस्ले के गर्छ भनेर हेर्ने कुरा हो । म यहाँहरूलाई भन्छु नयाँ सरकार यो प्रदेशको सरकारले आज व्यापक विकास निमार्णका कामहरू गरि रहेको छ । प्रदेश सरकारका कामहरू हेर्नुहोस् । यदि कसैले औला ठडाउँछ भने म उहाँहरूलाई जवाफ दिन तयार छु ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको व्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
9855068340/9802068340

# थाहा नगरपालिकासँग मागियो विषयगत कार्यक्रम र खर्चको विवरण

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकामा प्रतिपक्ष अन्तरपार्टी सञ्जाल सक्रिय देखिएको छ। स्थानीय निर्वाचनमा बहुमत प्राप्त दलइतरका दलहरूले प्रतिपक्ष अन्तरपार्टी सञ्जाल नै गठन गरेर सक्रियता देखाएका हुन् ।

यसअघि जन निर्वाचित प्रनितिधिहरूबाट स्थानीय सरकार संचालन शुरु गरे यताका सबै आर्थिक वर्षको प्रगति र खर्चबारे लिखित जानकारी मागेको सञ्जालले पछिल्लो पटक ३ वटा बुँदाहरुमा केन्द्रित गरेर आफ्ना मागहरू राखेको छ । मंगलबार नगरपालिका कार्यालयमा पेश गरिएको ३ बुँदे मागअन्तरगत पहिलो सूचनाको हकसँग सम्बन्धित रहेको छ भने दुईवटा मागहरू पर्यटन विकास र कर्मचारी पदपूर्तिसँग सम्बन्धित रहेका छन् ।

संजालले नगरप्रमुखलाई सम्बोधन गरी लिखितरूपमा पेश गरेको पत्रमा आर्थिक वर्ष २०७६/०७७ मा थाहा नगरपालिकाका विषयगत शाखाहरूले वडा र नगरस्तरमा सम्पन्न गरेका कार्यक्रमहरू र तिनका खर्च विवरणसमेतको प्रमाणित प्रतिलिपि उपलब्ध गराइदिन माग गरेको छ । यसअघि सूचना माग्दा नगरपालिकाको समग्र कार्यक्रमको बारेमा मात्र जानकारी प्राप्त भएकोले विषयगत शाखाहरूको वडा तथा नगरस्तरको गतिविधि र खर्च थाहा पाउन सूचना माग गरिएको जनता समाजवादी पार्टी नेपालका मकवानपुर क्षेत्र नम्बर २ इन्चार्ज इन्द्रबहादुर श्रेष्ठले बताए ।

त्यसैगरी थाहा नगरपालिकाको मुख्य नारा 'थाहा नगरपालिकाको विकासको आधार, कृषि पर्यटन र पूर्वाधार' भनिए पनि पर्यटन प्राथमिकतामा नपरेको भन्दै पर्यटन क्षेत्रको विकासका लागि छुट्टै पर्यटन शाखा स्थापना गर्न माग गरिएको छ । नगरको पर्यटन क्षेत्रको विकासका लागि नगर कार्यपालिकाले थाहा नगरपालिका-४ का वडा अध्यक्ष दीपक सिं लामाको संयोजकत्वमा पर्यटन समिति गठन गरे पनि क्रियाशील नभएको र पर्यटन विकासमा योगदान गर्न नसकेको संजालका एक सदस्यले बताए ।

नेपाली काँग्रेसका थाहानगर सभापति योगेन्द्रमान श्रेष्ठले पर्यटन क्षेत्रमा विज्ञता हासिल गरेका कर्मचारी सहितको छुट्टै शाखा स्थापना गर्न माग गरिएको बताए । थाहानगर प्रतिपक्ष अन्तरपार्टी सञ्जालले थाहा नगर पालिकाका विषयगत शाखाहरूमा नेपाल सरकारले तोकेको दरवन्दी अनुसार कर्मचारी पदपूर्ति हुन नसकेको जिकिर गरेको छ । उसले नगरपालिकालाई बुझाएको पत्रमा विषयगत शाखाहरूमा तोकिए अनुसार को दरवन्दी कायम गर्न पनि माग गर `को छ ।

सरकारले विषयगत शाखा प्रमुखहरूका लागि तोकेको न्यूनतम तहभन्दा पनि तल्लो तहलाई कायम गर्ने गरी नगरकार्यपालिकाले निर्णय गरेको प्रति सञ्जालका प्रतिनिधिहरूले विरोध जनाएका छन् । 'स्वाथ्य शाखामा सातौं तहको अधिकृत हुने व्यवस्थालाई नगर कार्यपालिकाले छैठौं तह कायम गरेकोमा हाम्रो आपत्ति छ,' उनले भने । यसबारे अन्तरपार्टी सञ्जालले मंगलबार थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीसँग पनि छलफल गरेको थियो ।

नगरपालिकालाई बुझाएको मागपत्रमा नेपाली काँग्रेस थाहानगर सभापति योगेन्द्रमान श्रेष्ठ, जनता समाजवादी पार्टीको क्षेत्रीय इन्चार्ज इन्द्रबहादुर श्रेष्ठ, राष्ट्रिय प्रजातन्त्र पार्टीका नगर अध्यक्ष हरेराम कार्की र राष्ट्रिय जनमोर्चाका नगर अध्यक्ष दिनेश विष्टले हस्ताक्षर गरेका छन् ।

# थाहा नगरपालिकाको आठौं नगरसभा सकियो




◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको आठौं नगरसभा भएको छ । नगर प्रमुख लवशेर विष्टको अध्यक्षतामा भएको सभामा नगरपालिकाले सातौं नगरसभाबाट पास गरेको बजेटलाई २३ पुसमा संशोधन सहित पास गरेको छ । नगरपालिकाको सभाले कुल बजेट ८९ करोड ३१लाख २८ हजार रुपियाँ बजेट सभाबाट संशोधन सहित पास भएको हो ।

पालिकाले सशर्त २७ करोड ४४ लाख ७० हजार, आन्तरिक स्रोत २३ करोड ९० लाख ५५ हजार, राजस्व बाँडफाँड १४ करोड ३७ लाख २० हजार, वित्तिय समानिकरण अनुदान १४ करोड ८ लाख ९६ हजार र अन्य सरकारी अनुदान ४ करोड, समपुरक अनुदान ४ करोड, ९९ लाख ८७ हजार, विशेष अनुदान ५० लाख आम्दानी समावेश गरेको छ । त्यस्तै खर्च तर्फ चालु ८ करोड ८४ लाख ६७ हजार, पुँजीगततर्फ ४१ करोड १५ लाख ४० हजार, विषयगत कार्यालयतर्फ प्राप्त २७ करोड ४४ लाख ७० हजार, समपुरक अनुदान ४ करोड, ९९ लाख ८७ हजार, विशेष अनुदान ५० लाख, अन्य अनुदान ४ करोड तथा फिर्ता खर्च २ करोड ३६ लाख ६४ हजार गरी कुल बजेट ८९ करोड ३१ लाख २८ बजेट संशोधन पेश गरेको छ ।

पालिकाले चालु आर्थिक वर्षको पौष १५ गते सम्म सम्ममा चालु खर्च २ करोड ८० लाख ५८ हजार र पुँजीगत खर्चतर्फ १८ करोड ४९ लाख ६७ हजार गरी जम्मा रू. २१ करोड ३० लाख २५ हजार खर्च भई कुल बजेटको २३.८५ प्रतिशत खर्च नगरपालिकाले जनाएको छ । चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा सम्पूर्ण योजनाहरू सम्पन्न गरी भुक्तानी र फरफारक गरिसक्नुपर्ने हाम्रो कार्य लक्षमा हामी लक्षभन्दा पछाडि परेको सभामा नगर उपप्रमुख खड्ग गोपालीले जनाएका थिए ।

हाम्रो योजना सम्पन्न गर्ने र फरफारक गर्ने अन्तिम मिति फागुन मसान्तसम्ममा सम्पूर्ण योजना सम्पन्न गरी फरफारक समेत गराउन सबै नगरसभाका सदस्यहरू अझ बढि लागी पर्नुपर्ने आवश्यकता रहेको गोपालीको भनाइ थियो । योजनाहरू सबै लगत इष्टमेट, उपभोक्ता समिति गठन र सम्झौता समेत भई सकेका हुँदा फागुन मसान्तसम्ममा सम्पन्न गराउन सबै तह र तप्काबाट आवश्यक सहयोगको आवश्यकता रहेको औंल्याएका थिए ।

सभामा थाहा नगरपालिकाका जनप्रतिनीधिहरूको उपस्थिती रहेको थियो भने उद्घाटन सत्रमा नेकपा बागमती सचिवालय सदस्य विष्णु विष्ट आदर्श, जिल्ला समन्वय समिति मकवानपुर सदस्य चित्र बहादुर बलामी, नेकपा थाहानगर अध्यक्ष अरूण रायमाझी, नेपाली काँग्रेस थाहानगर अध्यक्ष योगेन्द्रमान श्रेष्ठ, जसपा मकवानपुर-२ इन्चार्ज इन्द्र बहादुर श्रेष्ठ, राप्रपा थाहानगर अध्यक्ष हरेराम कार्की, विवेकशील साझा पाटीका माधव कार्कीलगायतकाको आतिथ्यता रहेको थियो ।



## स्थानीय पाठ्यक्रममा...

रूपचन्द्र त्यस्तो व्यक्ति हुन जो सिद्धान्त, भाषणमा मात्र होइन व्यवहारिक अभ्यास गर्थे'-आदर्शले भने । कार्यक्रमका विशेष अतिथि तथा स्थानीय समाजसेवी ज्योति रायमाझीले रूपचन्द्रको पथमा हिंड्न सके सबैको भलो हुने बताए । निःस्वार्थी भावनाले विकास र राजनीति गर्ने व्यक्तिको खाँचो रहेको अवस्थामा अहिले उनलाई सम्झेर सिको अवलम्बन गर्न आवश्यक भएको बताए । रूपचन्द्रको संघर्षका कथाहरू सम्झँदै रायमाझीले विष्टप्रति श्रद्धा-सुमन व्यक्त गरे ।

रूपचन्द्र विष्ट स्मारक समितिका स्थानीय संयोजक विमल कुमार विष्टले रूपचन्द्रलाई जिउँदोमा भन्दा पनि मृत्यू पश्चात् सबैले सम्झेको बताए । जन्मभन्दा पनि मृत्युको दिनलाई सम्झँदा झन राम्रो हुने विष्टको भनाइ थियो । वर्षमा २/४ पटक कार्यक्रमहरू संचालन गरेर सम्झनु त छँदैछ उनले देखाएका बाटोमा सबै लाग्नसके थप प्रभावकारी हुने उनको भनाइ थियो ।

थाहा दिवस समारोहका अतिथीहरूलाई लक्ष्मण बर्तौलाले स्वागत गरेका थिए । फरक सोच अभियानका अध्यक्ष यादवजंग रायमाझीको सभाध्यक्षतामा भएको थियो । कार्यक्रममा फरक सोचले विभिन्न सामाजिक कामको शिलशिलामा सहयोग गर्ने थाहा-४ का आशिक कार्कीलाई सम्मान गरिएको थियो । कार्यक्रमको अवसरमा थाहानगरमा २१ देखि २३ पौष सम्म संचालन भएको थाहा नगरस्तरीय खुल्ला उपमेयर कप ब्याडमिन्टन प्रयोगिताका विजेताहरूलाई पुरस्कार समेत वितरण गरिएको थियो । प्रतियोगितामा ओम नमः शिवाय टिमका डाक्टर शक्ति चौरसिया र देवकुमार अर्याल प्रथम, थाहा नगरपालिका 'सी'का अरूण लामा र सुभाष गौतम द्वितीय र थाहा नगरपालिका 'बी'मा अजित घिमिरे र संग्राम केसी तृतीय भएका थिए । विजेता टिमलाई क्रमशः १२ हजार, ८ हजार र ५ हजार रूपियाँ शिल्ड, मेडल तथा प्रमाणपत्र वितरण गरिएको थियो । सो अवसरमा निर्णायकहरू बिनोद अधिकारी र दशरथ बस्नेतलाई समेत कदर पत्र प्रदान गरिएको थियो । कार्यक्रममा नवराज बर्तौला र विरोध रायमाझीले कविता सुनाएका थिए ।

कार्यक्रमका अतिथी तथा सहयोगीहरूलाई फरक सोचको तर्फबाट मायाँको चिनो समेत वितरण गरिएको थियो ।

# विडारीले स्टेशनरी वितरण गरेर मनाए जन्म दिन



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ६ बज्रबाराही निवासी समाजसेवी प्रदिप बिडारीले आफ्नो जन्मोत्सव सामाजिक सेवा गरि मनाएका छन् ।

विडारीले जन्मदिनका अवसरमा थाहा ६ मा रहेको गणेश प्राथमिक विद्यालय का विद्यार्थीहरूलाई स्टेशनरी सामान वितरण गरी र भक्तपुरमा रहेको मानवीय सेवालाई थप सहज अनि सरल बनाउन मानव कल्याण समाज (सेवा घर)लाई सहयोग आर्थिक सहयोग गरि आफ्नो २८ औ जन्म उत्सव मनाएका हुन् ।

सेवा नै धर्म हो मनबाट कसैलाई गरेको सहयोग नै आफ्नो आत्मा सन्तुष्टि हो भन्ने हेतुले आफुले सकेको सहयोग गर्न पाउँदा मनमा खुशी संगै आनन्द मिलेको बिडारीले बताए ।

स्थानी खबर पढ्न ....
thahatimes.com


# कोदो र फापरको मूल्य तोकियो

◆ विकास संवाददाता

मकवानपुरगढी गाउँपालिकाले उत्पादन बढाउने उद्देश्यले खाद्यान्नको मूल्य तय गरेको छ । गाउँपालिकाले गाउँभित्र उत्पादन हुने कोदो र फापरको मूल्य तय गरेको हो । गाउँपालिकाले किसानलाई अनुदान दिने व्यवस्था गरेसँगै कोदो र फापरको मूल्य तय गरेको जनाएको छ ।

किसानले कोदो र फापरको खेती गर्न छाडेकाले यसतर्फ आकर्षण बढाउन र खेती गर्न प्रोत्साहन गर्ने उद्देश्यले मूल्य निर्धारण र अनुदानको व्यवस्था गरिएको गाउँपालिकाका अध्यक्ष विदुर हुमागाईंले बताए । गाउँपालिकाले कोदोको मूल्य प्रतिकिलो ४२ रूपैयाँ, मिठे फापरको ६० रूपैयाँ र तीते फापरको ७० रूपैयाँ मूल्य निर्धारण गरेको छ । गाउँपालिकाका किसानले उत्पादन गरेको कोदो र फापर स्थानीय पाँच वटा सहकारी संस्थाले खरिद गर्ने व्यवस्था मिलाइएको छ । गाउँपालिकाले निर्धारण गरेको मूल्यमा साझाकुरा संवाददाता अनाज खरिद बिक्रीका लागि सूचीकृत सहकारीले किसानबाट उत्पादित कोदो र फापर खरिद गर्नेछन् ।




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी